हरेक खबर, विशेष खबर

जि.प्र.का.सि.द.नं. ११७/०७६/०७७

राष्ट्रिय दैनिक

# लहानपोस्ट

LAHANPOST DAILY

लेख, रचना, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्।

लहानपोस्ट दैनिकको कार्यालय
लहान न.पा.-१०, ग्रामीण चौक
फोन नं.: ०३३-५६१९६७, ९८५२८२४९६७, ९८५२८३९३१५, ९८०२३१९१९२, ९८०२३१९१९३

बर्ष : ०१ अंक : ४० पृष्ठ : ४ २०७७ भदौ ८ गते सोमबार (Monday 24 August 2020) www.lahanpost.com मूल्य रु. ५।-

FOLLOW US facebook: lahanpost YouTube : lahanpost twitter : lahanpost instragram : lahanpost

***• सखुवानन्कारकट्टी र नवराजपुर गाउँपालिका मृत्यु घटना •***

# एकै प्रकारको लक्षणबाट एकै दिन दुई सहित ६ को मृत्यु

- *लक्षण टाउको दुख्ने, बान्ता आउने र बेहोस हुने*
- *विषाक्त मदिरा सेवनबाट मृत्यु भएको आशंका*

लहान । सिरहाको सखुवानन्कारकट्टी गाउँपालिका-१ कटैया गाउँका एकै प्रकारको लक्षणबाट दुई दिनमा तीन जनाको मृत्यु भएको छ । मृत्यु हुनेहरु २८ वर्षदेखि ६५ वर्षका छन् । टाउको दुख्ने, बान्ता आउने र बेहोस भएपछि कटैयाका ३८ वर्षीय रामउदगार मुखियाको आइतबार बिहान मृत्यु भएको छ । त्यही लक्षणबाट बेहोस भएका कटैयाका २८ वर्षीय दिपेश मुखियाको धरानमा उपचारका क्रममा आइतबार अपरान्ह मृत्यु भएको प्रहरीले जनाएको छ । यसअघि शनिबार राति १ बजे कटैया गाउँकै ३८ वर्षीय श्यामदेव यादवको पनि टाउको दुख्ने, बान्ता हुने र बेहोस भएपछि मृत्यु भएको थियो । एकै प्रकारको लक्षणबाट दुई दिनमा तिन जनाको मृत्यु भएपछि कटैया गाउँ त्रसित बनेको छ । सखुवानन्कारकट्टी गाउँपालिका वडा नम्बर १ का वडाध्यक्ष शुभ नारायण यादवले एकै प्रकारको लक्षणबाट दुई दिनमा तीन जनाको मृत्यु भएपछि कटैया गाउँ त्रसित बनेको बताए ।

मृतक तिनै जनाले टोलमैं घरेलु मदिरा सेवन गर्दै आएको र विषाक्त रक्सीकै कारण मृत्यु भएको हुनसक्ने अनुमान गाउँलेको रहेको वडाध्यक्ष यादवले सुनाए । 'मृतक सबैले टोलमैं घरेलु मदिरा सेवन गरेको भन्ने पीडित परिवारले जानकारी गराएका छन्,' वडाध्यक्ष यादवले भने ।

इलाका प्रहरी कार्यालय लहानका प्रमुख डिएसपी शरद थापा क्षेत्रीले एकै प्रकारको लक्षणबाट तीन जनाको मृत्यु भएको देखिएको र घटनाको बारेमा अनुसन्धान भइरहेको जानकारी दिए ।

तीन जनाको मृत्यु भएपछि सखुवानन्कारकट्टी गाउँपालिकाका स्वास्थ्य संयोजक हरि नारायण चौधरी, सिनियर अहेव राजेन्द्र प्रसाद यादव, अहेव विद्यासागर यादवको टोली घट्ना भएको गाउँ पुगेका थिए । स्वास्थ्य संयोजक चौधरीले मृतक सबैमा टाउको दुख्ने, वान्ता आउने र त्यसपछि बेहोस भएर मृत्यु भएको जानकारी आफूहरुले पाएको बताए ।

'पीडित परिवारजनका अनुसार मृतकले घरेलु मदिरा सेवन गरेको पाइएको छ,' स्वास्थ्य संयोजक चौधरीले भने, 'एकै प्रकारको लक्षण देखिएको ३ देखि ४ घण्टाको अवधिमा मृत्यु भएको देखिन्छ ।'

विषाक्त घरेलु मदिराका कारण मृत्यु भएको हुनसक्ने उनले बताए । यसैगरि भदौ ५ गते ६५ वर्षीय कुशेश्वर मुखियाको मृत्यु भएको थियो । तर उनी पहिला देखि नै बिरामी रहेको प्रहरीले जनाएको छ ।

**नवराजपुर गाउँपालिकामा पनि २ को मृत्यु**

एक साता अवधिमा सिरहाको नवराजपुर गाउँपालिका-३ फूलबरीयाको डोम बस्तीमा २ जनाको मृत्यु भएको छ । गत साउन ३२ गते २५ वर्षीय उदगार मरिक र भदौ ५ गते २७ वर्षीय नागेन्द्र मरिकको मृत्यु भएको छ । मदिरा सेवन गरेर सुतेका ती दुवै जनामा टाउको दुख्ने, बान्ता हुने र बेहोस भएर मृत्यु भएको स्थानीयले बताएका छन् ।

# प्रदेश २ मा ३ जनाको मृत्यु, ३१२ थपिए

सिरहा । प्रदेश २ मा आइतबार कोरोना लागेर तीन जनाको मृत्यु भएको छ । साबिक सिन्धुली घर भइ हाल सर्लाहीको लालबन्दीमा बसिरहेकी एक ३३ वर्षीया महिला, सप्तरीको राजविराज नगरपालिका-७ घर भएका ७७ वर्षीय एक जना पुरुष र धनुषाको जनकपुरधाम उपमहानगरपालिका, रूपैठा घर भएका ५८ वर्षीय एक जना पुरुषको मृत्यु भएको सामाजिक विकास मन्त्रालयले जनाएको छ ।

यो समेत यस प्रदेशमा मृतकको संख्या ६२ पुगेको छ । आइतबार प्रदेश २ मा तीन सय १२ जना नयाँ संक्रमित थपिएका छन् ।

धनुषामा ११ जना महिलासमेत ३७ जना, महोत्तरीमा ११ जना पुरुष, सिरहामा एक जना महिलासमेत

बाँकी ४ पेजमा

# रमणीय 'हात्ती दह'









लहान । लहान नगरपालिका-१५ स्थित शोभापुरमा 'हात्ती दह' अवस्थित छ । जुन लहान बजारदेखि करिब ५ मिलोमिटर उत्तर पर्छ । त्यहाँ पुग्ने जोकोहिलाई मनमोहक लाग्ने दहमा मन बहलाउन चिडियाखाना, दहमा 'बोटिङ्' राखिएका छन् भने पिकनिक स्थल निर्माण गरिएको छ । कोइराली खोला नमूना सामुदायिक वन उपभोक्ता समितिले यो दह संरक्षण गरेको हो । 'दह रमणीय छ । प्रचार-प्रसार हुन जरुरी छ । आफ्नै गाउँठाउँको बारेमा बढी भन्दा बढी व्यक्तिले जानकारी पाउनुपर्छ,' घुम्न पुगेका सुरेन्द्र यादवले भने, 'लहान बजारसँग टाँसिएरै रहेका यो दह संरक्षणले एउटा आन्तरिक पर्यटन प्रवर्द्धन गर्न सहयोग पुगेको छ । अर्कोतिर रोजगारीको वातावरण बन्ने पनि देखिन्छ ।' स्थानीयहरूले सरंक्षण गरिरहेका दहलाई व्यवस्थित गर्न सरकारले सहयोग गर्नुपर्ने उनको भनाइ छ ।

पछिल्लो केही वर्षयता यो दह संरक्षणको काम भइरहेको समितिको उपाध्यक्ष बद्री सदायले बताए । 'पर्यटकीय स्थल बनाएपछि भ्रमण गर्नेहरूको संख्यामा वृद्धि भएको छ,' उनले भने, 'यसले हामीलाई उत्साहित बनाएको छ । सरकारसँग सहयोगको अपेक्षा गरेका छौं ।' यहाँ बिजुली पुगेको भएपनि बाटो बनाउन स्थानीय, प्रदेश तथा केन्द्र सरकारसँग बजेट सहयोगको अपेक्षा गरेको उनले सुनाए । 'दह र ताल संरक्षणले पर्यटकीय स्थलको विकास भएको छ भने अर्कोतिर नजिकको गाउँमा पानी सुक्ने समस्या न्यूनिकरण भएको छ,' संरक्षण समितिका एक सदस्यले भने, 'गाउँमै दह बनेपछि यहाँको वातावरणमा परिवर्तन आएको छ ।'

हात्ती दह जस्तै सिरहामा थुप्रै ताल, तह छन् ती सबैलाई जिल्लाको पर्यटकीय स्थलसँग जोड्नु आवश्यक रहेको भ्रमण गर्नेहरूले सुझाए । यही वडाको बानो गाउँमा गोसाई डाँडा ताल पनि छन् । नजिकै राजदेवी मन्दिर छन् । जुन प्रख्यात छन् । यी स्थलहरूलाई एकअर्कासँग जोड्दा आन्तरिक तथा बाह्य पर्यटक प्रवर्द्धनमा सहयोग पुग्ने उनीहरु सुनाउँछन् ।

यसैगरि लहान नगरपालिकाको २४ नम्बर वडामा मानिक दह अवस्थित छ । वडा नम्बर १२ मा फुलबारीधाम छ । जहाँ वर्षको एकदिन बैशाख १ गते फूल फूल्ने जनविश्वास छ । फूल हेर्न सिरहा, सप्तरी, धनुषा, उदयपुर लगायत भारत विहारबाट समेत आगन्तुक आउँछन् । ती सबै पर्यटकलाई पर्यटकीय स्थलमा पुग्ने

बाँकी ४ पेजमा

## भित्री पृष्ठमा

कोरोना भाइरसः अन्तर्राष्ट्रिय राजनीतिको सूत्र — पेज २ मा

कोरोनाको सकस — पेज २ मा

स्थानीय तहको विकास प्रक्रियामा नागरिक संलग्नता
स्तम्भ : पालिका बहस — पेज ४ मा

**सुवर्ण अवसर ! सुवर्ण अवसर !! सुवर्ण अवसर !!!**

हिमालय सुगर मिल्सको ई. डी. सरेश सर्राफ, महाप्रबन्धक टे. सत्य नारायण कुशवाहा तथा महाप्रबन्धक उखु प्रशासन अवध किशोर यादव साथमा उखु विभागका जिल्लाभरीको फिल्ड स्टाफ जे.टि.ए.उखु विकास अधिकृतहरूको उपस्थितिमा भदौ, असोज र कार्तिकमा उखु खेतीबारे छलफल तथा यस वर्षको लागि उखु रोपाइँको सिजन गर्नुपर्ने भएकोले आ-आफ्नो खेतीयोग्य जग्गालाई राष्ट्र तथा आफ्नो विकासमा लगाई सुवर्ण अवसरलाई सदुपयोग गर्नु हुनका लागि सम्पूर्ण कृषक महानुभावहरुमा अनुरोध छ ।

**हार्दिक शुभकामना**

सिरहाको लहानबाट "**लहान पोस्ट**" राष्ट्रिय दैनिक पत्रिका र 'www.lahanpost.com' प्रकाशनमा आएको हुँदा यस पत्रिकाको उत्तरोत्तर प्रगतिको कामना गर्दै शुभकामना व्यक्त गर्दछु ।



**सन्तोष कुमार चौधरी**
प्रत्यासी प्रदेश सभा सदस्य 'क'

# कोरोना भाइरसः अन्तर्राष्ट्रिय राजनीतिको सूत्र



विजय कुमार गुप्ता

हामी कोरोना भाइरसको नाम सुन्नै बित्तिकै सबैभन्दा पहिला मन मष्तिस्कमा लकडाउन (बन्दाबन्दी), 'क्वारेन्टाइन' (आफ्नो गतिविधिलाई सीमित गर्ने) या आइशोलेसन आउँछ । आइशोलेसन समाज वा ब्यक्ति स्तरमा मात्रै नभई विश्वको बिभिन्न सीमास्तरमा पनि भएको छ । यस वैश्विक आपदको स्थितीमा एकातर्फ विश्वमा युद्धस्तरमा बचाउँको प्रयास भई राखेको छ भने अर्को तिर 'फर्स्ट वर्ल्ड कंट्रीज़ (विकसित देश)' बीच यो भाइरसको उत्पत्तिको बिषयमा आरोप-प्रत्यारोप चलीराखेको छ । हालैका वर्ष चीनका बिदेश मन्त्रीले यो भाइरसको उत्पत्ति संयुक्त राज्य अमेरिका (युएसए) मा भएको हो भन्ने दाबा गरेको पनि पाइयो ।

संयुक्त राज्य अमेरिकाले पनि जवाफमा कोरोना भाइरसलाई 'वुहान भाइरस अर्थात चाइनीज 'फ्लू' को संज्ञा दिए । यस्तो स्थितिमा एउटा प्रश्न उठछ कि भाइरसको प्रभावले भू-रणनीतिक व्यवस्थालाई नै परिवर्तन गरि दिने हो कि ? विश्व एक चोटि फेरी शीतयुद्ध तर्फ प्रवेश गर्छ कि ? २१ औं शताब्दीको आरम्भमा विकसित बहुध्रुवीय वैश्विक राजनीतिक व्यवस्था एकलध्रुवीय राजनीतिक व्यवस्था तर्फ जान्छ कि ? भन्ने प्रश्न उब्जिएको छ ।

यी सबै परिस्थितिलाई सम्फिन यो आलेखमा कोरोना भाइरस र योसँग स्वास्थ्य वा अर्थव्यवस्थामा पर्नसक्ने प्रभावबाट तिब्ररूपले बदलिदो वैश्विक भू-राजनीतिक व्यवस्था बारेमा चर्चा गर्न आवश्यक छ ।

**परिवर्तनशील वैश्विक घटनाक्रम**

- वर्तमानमा चीनको हुबेई प्रान्तको वुहान शहरलाई कोरोना भाइरसको केन्द्रको रूपमा विश्वले हेरेको थियो, तर चीनको विदेश मन्त्रालयका प्रवक्ताले संयुक्त राज्य अमेरिकामा कोरोना भाइरसको उत्पत्ति सम्बन्धि गरेको दाबीले गर्दा विश्व राजनीतिक व्यवस्थामा नयाँ बहसलाई जन्म दिएको छ ।
- अमेरिकाले पनि आधिकारिक रुपमा आफ्नो प्रेस विज्ञप्तिहरुमा वुहान भाइरसको नामले सम्बोधन गरेको छ ।
- शोधकर्ताहरूले चीनको 'बेल्ट एन्ड रोड इनिशिएटिव (Belt And Road Initiative-BRI) प्रोजेक्ट' जसको बिस्तार चीनबाट यूरोप र एशिया महाद्वीपको विभिन्न देशसम्म रहेको र यस भाइरसको प्रमुख बाहकको रूपमा चीनलाई मानेको छ ।
- शोधकर्ताहरूले अपेक्षाकृत रूपमा चीनसँग नजिक सम्बन्ध रहेको देश ईरानले पनि यो वैश्विक विपत्तिको स्थितिमा चीनसँग सहायता नलिएर अमेरिकी प्रभुत्व भएको अन्तर्राष्ट्रिय मुद्राकोषमा सहायताको अपील गरेर वैश्विक राजनीतिलाई बदिलिने संकेत दिएको अनुमान गरेको छ ।
- चीन पछिको कोरोना भाइरसको सबैभन्दा ठुलो केन्द्र इटलीले पनि BRI प्रोजेक्ट सहित चीनसँग आफ्नो सबै आर्थिक गतिविधिहरुलाई बिराम दिएको छ ।
- यूरोप भित्रको कती देशहरूले चीनसँगको आर्थिक गतिविधिहरूमा प्रतिबन्ध लगाएर विनिर्माण क्षेत्रमा चीनको एकाधिकारलाई चुनौती दिएको छ ।
- कोरोना भाइरसको उत्पत्तिको भूमिकाको सन्दर्भमा चीनले गरेको दाबीलाई रूसले साथ दिएको र दुवै देशले सामूहिकरूपमा यो बिपत्तिसँग लड्नको लागि प्रतिबद्धता समेत व्यक्त गरेका छन् ।
- रूसको यस कदमबाट वैश्विक राजनीतिमा अमेरिका-चीन टकराब बढ्ने आशंका व्यक्त गरिएको छ ।

**अमेरिका-चीन टकराव**

- अमेरिकाले लगाउँदै आरोप कोरोना भाइरसको बिषयमा चीनलाई जानकारी हुँदाहुँदै यस जानकारीलाई लुकाएर राखियो भन्ने अमेरिकाको यस आरोपको समर्थन दुनियाँको सबैतर्फ बाट र दुनियाँको हरेक हिस्साबाट भएको छ । चीनको यस लापरवाही यस कुराबाट प्रमाणित हुन्छ कि भाइरस संक्रमणको जानकारी हुँदाहुँदै चीनको वुहानमा आयोजित 'पॉट लक डिनर' समारोहलाई जारी राखेर नकारात्मक सन्देश विश्वलाई गयो र यो समारोहमा सहभागी लगभग ४० हजार मानिसमध्ये दुई-तिहाई यो भाइरसबाट संक्रमित भएको थियो ।
- चीनका दाबी छ कि पेशेन्ट ज़ीरो (त्यो ब्यक्ती जुन पहिलो कोरोना भाइरसको बाहक थियो ) अमेरिकी सेनाको एक सैनिक थिए, जो चीनमा आयोजित सैन्य खेलमा हिस्सा लिन वुहान आए जो अमेरिकी दलका हिस्सा थिए ।
- चीनको प्रवक्ताका अनुसार, नोभेम्बर २०१९ मा अमेरिकी सेनामध्ये केही सैनिकलाई निमोनिया जस्तै विरामीले गर्दा हस्पिटलमा एडमिट गरेको र मृत्यु भएको छ । चीनको आरोप छ कि अमेरिकी स्वास्थ्य विभागले यो घटनालाई सही तरीकाले जाँच गरेन र यो विरामीको विस्तार अन्य अमेरिकी सैनिकमा हुन गयो ।
- यस्तोसम्म भयोकि चीनले अमेरिकी पत्रकारलाई चाइना भित्र रिपोर्टइङमा रोक समेत लगाइयो । यो किन गरियो भने कोरोना भाइरस सम्बन्धि नकारत्मक समाचार विश्वसामू सम्प्रेषन नहोस र अमेरिकी पत्रकारहरु माथि सन्देह व्यक्त गरिएको थियो । यसको जवाफमा अमेरिका प्रशासनले चीनको न्युज एजेन्सीहरुमाथि प्रतिबन्ध लगाएको छ ।
- जबकि चीनको एक महिला पत्रकारका अनुसार अमेरिकी प्रशासनले जानेबुझेर कोरोना भाइरसलाई 'कुंग फ्लू' (कुंग फू चाइनीज़ मार्शल आर्टको प्रकार हो) को रुपमा प्रचारित गरेर नस्लीय भेदभावलाई बढएको छ ।
- अमेरिकाले यस घटनाक्रमको एक महत्वपूर्ण दुष्परिणामको रुपमा चीनको वैश्विक आपूर्ति श्रृंखलामाथि एकाधिकार भयो भनेर दुनियाँको ध्यान आकर्षित गराएको छ । संसारमा भाइरसको फैलावको आरम्भिकमा रोकथामको लागि सम्भावित सामग्री (सर्जिकल मास्क)को आपूर्ति चीनद्वारा बाधित गरिएको थियो ।

**वैश्विक राजनीतिमाथि प्रभाव**

- कोरोना संकटमा अमेरिका र चीन जस्तो दुईवटा विश्व महाशक्ति बीचको टकराबले वैश्विक राजनीति माथि गम्भीर प्रभावको आशंका व्यक्त गरिएको छ ।
- यसको प्रथम प्रत्यक्ष प्रभाव अमेरिका र चीनक बीचको हालमा सम्पन्न व्यापार सम्फौता माथि हुन्छ । साथै, चीनले यो घटनाक्रममा गरेको लापरवाहीको कारणले संसारभरमा चीनलाई सन्देहको नज़रले हेरिरहेको छ ।
- कोरोना भाइरसले गर्दा दुबै देशबीच उत्पन्न टकराब र नोभेम्बर २०२० मा हुने अमेरिकी राष्ट्रपति पदको चुनावमा निर्णायक भूमिका निर्वाह गर्न सक्छ ।
- यो भूमिकाले गर्दा घोर विरोधी रहेको ईरान र अमेरिकालाई नजिक्याएको छ, जसलेगर्दा तृतीय विश्वयुद्धको संभावित खतरा टरेको छ ।
- कोरोना भाइरसको केन्द्रको रुपमा चीन विख्यात भएर संसारभरमा चीनको जनतामाथि नस्लीय भेदभाव बढने सम्भावना छ ।
- चीनको विनिर्माण क्षेत्रको आफ्नो प्रभुत्व पुनर्स्थापित गर्न एक दशक लाग्न सक्छ, यस कारणले गर्दा नव-साम्राज्यवादी नीतिमाथि विराम लाग्न सक्छ ।

बाँकी ३ पेजमा

## कोरोनाको सकस



अम्बराज मिश्र

*विश्व चकित पा~यो, मानवमा हतास गरायो, व्यापार ठप्प पा~यो, शिक्षाक्षेत्र अस्तब्यस्त बनायो, होटल व्यसाय थन्क्यायो, गरि खान खोज्ने हातहरु समात्यो, बेरोजगार समस्या निम्त्यायो, बैदेशिक रेमिट शून्य पा~यो, रोजगारमा गएकाहरुलाई घर फर्कायो, गरिब धनी सबैलाई घरमै बस्न बाध्य बनायो ।*

*नयाँ सालको उमँग हरायो, चार्डपर्वहरूलाई खाली पा~यो, देवीदेवता कुल पुजाहरु एकल बनायो, मेलापात शून्य पा~यो, बिहे बटुलहरु बन्द गरायो, सांस्कृतिक कार्यक्रमहरु ठप्प भए, सभा सम्मेलनहरु रोकिए, तालीम सेमिनार गोष्ठीहरु रोकिए, लगानीहरु डुबे, बचतका खाताहरु ठप्प पा~यो ।*

*भाईचारा नातावाद कृपावादहरु पनि मुखामुख हुनु प~यो, पर्यटनहरु रोकिए, धनिहरूले बचत खाँदैछन, गरिबहरूले कर्जा उठाउँदै खाँदैछन, अर्बपतिहरु करोडपतीमा फर्दैछन, करोडपतीहरु लखपतीमा ओर्लिदै छन, लखपतीहरु खागपती बन्दैछन , खागपतीहरु लुटेरा बन्दैछन । मिठो खानेहरूको मुखमा नमिठो आहारा पस्दैछ, प्रदर्शनकारीहरु मौन साधनामा ओर्लिनु परेको छ । विज्ञानले निम्त्याएको कोरोना आफैमा घाँडो साबित बन्दैछ, क्रमिक रूपमा कोरोना संक्रमणको जोखिम बढोत्तरी हुदैछ, देशका सहरहरु आफै लकडाउन गराउँदैछन, सडकहरु खाली हुदैछ, बजारहरु बन्द पारिदैछ, साथीभाई ईष्टमित्रहरु टाढा टाढा हुनु परेको छ ।*

*जागिरेहरूको जागिर खोसिदैछ, निजी व्यसायहरु सरकारीकरण हुदैछन, बाँच्नकै लागि भए पनि अरूको मुख ताक्नु पर्ने भएको छ । आˆनै सन्तानहरु बिरानो हुनु पर्ने भएको छ, परदेशमा रहेका सन्तान भिडियोकलबाट नजिकिनु परेको छ, को अविभावक को सन्तान सबै आफैमा अल्मलिएका छन ।*

*कोहि माक्स, सेनिटाईजरको प्रयोगमा सजिनु परेको छ, कोहि सन्त्रासमा बसेका छन, कोहि कोरेन्टाइने दिन बिताउने गरेका छन, कोहि आईसोलेसनमा छट्पटाई रहेका छन, कोहि भेन्टिलेटरमा मृत्युसँग जुधिरहेका छन भने कोहि मृत्युबरण गरि बेवारिसे लास भई खोला कन्दरामा ˆयाँकिदै छन ।*

*हे कोरोना तिमिलाई कस्ले जन्म दियो ? त्यसैको पछि लाग, हामी माथी आई नलाग, हामी निहत्था छौ , दिन दुखि छौ, रहरले होईन करले बाँच्दैछौ ।*

*सरकार पनि बैरी छ , २ कौडिको सामानको मुल्यलाई हजारको मूल्य बनाई ढिकुटी रित्याउँदै छ , असल सामानको मुल्यको बजेट बनाई कमसल सामानको प्रयोग गराउँदै छन, चुस्न बाँकी नरहने गरि आˆनो पार्टीलाई बदनाम गराउँदै छन । भो भो तिमी पनि हामीलाई सकसमा नखाँद, हामी यहाँ चिल्लि र बिल्लिको अबस्थामा छौ ।*

*अब धेरै भयो, अब शान्त बन, जताबाट आयौ उतै फर्क ।*

*हाम्रा उपचारमा खटेका डाक्टर, सुरक्षामा तैनाथ सुरक्षाकर्मी समेत हतासमा भागाभागको अवस्थामा पुगिसकेका छन, कोहि अछुतो रहेनन् । सबैले सेवाबाट हात फिके हाम्रो के दशा होला ? हामी सकसमा छौ, हामी निरीह छौ, चाँडै आˆनै घर फर्क कोरोना आˆनै घर फर्क — वाई वाई ।*

कोरोना भाईरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना

हाल विश्वभरी फैलिरहेको कोरोना भाईरसबाट नेपाल उच्च जोखिममा रहेको विश्व स्वास्थ्य संगठनको प्रतिवेदन अनुसार कोरोना भाईरसबाट भइरहेको र हुन सक्ने सम्भावित जोखिमबाट बच्न कुनै किसिमको ठुलो सभा, जुलुश, मेला आदि नगर्न नगराउनको लागि अनुरोध छ ।

कोरोना भाईरसबाट बच्ने उपायहरु :

क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं । ग) साबुन पानीले नियमित हात धोउँ । घ) कम पाकेको माछा, मासु नखाउँ । ङ) दही, दुध, घ्यु, पनिर आदिको सेवन गरौं । च) कुहिएको खाने कुरा नखाउँ । छ) खानेकुरा धोई पखाली राम्रोसँग पकाएर खाउँ । ज) एक आपसमा अभिवाद गर्दा नमस्ते गर्दा हात नमिलाउँ । झ) एक आपसमा शारिरिक दुरी कायम राखौं । ञ) खोक्दा वा हाच्छु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । ट) रोग संक्रमण लागेको शंका लागेमा स्वास्थ्य तथा रोग नियन्त्रण कार्यालयको कल सेन्टरमा नं.१३३९ मा जानकारी दिनु तथा चिकित्सक सित सम्पर्क गरौं । ठ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं ।

धनगढीमाई नगरपालिका कार्यालय, सिरहा

कोरोना भाईरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना

हाल विश्वभरी फैलिरहेको कोरोना भाईरसबाट नेपाल उच्च जोखिममा रहेको विश्व स्वास्थ्य संगठनको प्रतिवेदन अनुसार कोरोना भाईरसबाट भइरहेको र हुन सक्ने सम्भावित जोखिमबाट बच्न कुनै किसिमको ठुलो सभा, जुलुश, मेला आदि नगर्न नगराउनको लागि अनुरोध छ ।

कोरोना भाईरसबाट बच्ने उपायहरु :

क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं ।ग) साबुन पानीले नियमित हात धोउँ । घ) कम पाकेको माछा, मासु नखाउँ । ङ) दही, दुध, घ्यु, पनिर आदिको सेवन गरौं । च) कुहिएको खाने कुरा नखाउँ । छ) खानेकुरा धोई पखाली राम्रोसँग पकाएर खाउँ । ज) एक आपसमा अभिवाद गर्दा नमस्ते गर्दा हात नमिलाउँ । झ) एक आपसमा शारिरिक दुरी कायम राखौं । ञ) खोक्दा वा हाच्छु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । ट) रोग संक्रमण लागेको शंका लागेमा स्वास्थ्य तथा रोग नियन्त्रण कार्यालयको कल सेन्टरमा नं.१३३९ मा जानकारी दिनु तथा चिकित्सक सित सम्पर्क गरौं । ठ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं ।

औरही गाउँपालिका कार्यालय सिरहा

# स्वास्थ्यकर्मीहरुको मनोबल उच्च राख्नु हामी सबैको अभिभारा : सभापति देउवा

**काठमाडौं ।** नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले संयम, एकता र दृढताका साथ कोरोना भाइरसको सामना गर्न अपिल गरेका छन् । उनले आइतबार प्रेस विज्ञप्ति जारी गरेर सरकार, स्वास्थ्यकर्मीसँगै सम्पूर्ण नेपालीलाई संयम, एकता र दृढताका साथ कोरोना भाइरसको सामना गर्न अपिल गरेका हुन् ।

'देशका कैयौं भागमा लकडाउन र निषेधाज्ञा जारी रहेका कारण यतिबेला जनजीवन कष्टकर बनेको छ । कोरोना महामारीका कारण उत्पन्न यस्तो प्रतिकूल समयमा म समस्त दिदिबहिनी दाजुभाइलाई संयम र एकता साथ आजको परिस्थिति सामना गर्न हार्दिक अपिल गर्दछु,' उनले भनेका छन् । सभापति देउवाले कोरोना महामारीमा 'फ्रन्ट लाइन' मा कार्य गरिरहेकाहरूको उच्च सह्राना गर्दै उनीहरूका लागि अत्यावश्यक स्वास्थ्य सामग्रीको पर्याप्त व्यवस्था गर्न र काम गर्न अत्यावश्यक सहज मनोवैज्ञानिक वातावरणमा खलल् हुन नदिन विशेष ध्यान पुऱ्याउन सरकारलाई आग्रह गरेका छन् ।



उनले केही स्थानमा स्वास्थ्यकर्मीहरूलाई निरूत्साहित गर्ने प्रकृतिका घटना भएको सुन्दा दुःख लागेको भन्दै स्वास्थ्यकर्मीहरू र स्थानीय नागरिकबीच कुनै पनि प्रकृतिको असमझदारी र द्वन्द्व उत्पन्न हुन नदिन तीनवटै तहका सरकारहरूलाई सजग गराएका छन् । 'आजको युद्ध सिंगो संसारले स्वास्थ्यकर्मीहरूको नेतृत्वमा लडिरहेको छ । आफू र आˆनो परिवारको जोखिम लिएर मानवीय सेवाको कर्तव्य वहन गरिरहेका स्वास्थ्यकर्मीहरूको मनोबल उच्च राख्नु हामी सबैको अभिभारा हो । यो दायित्वलाई गम्भीरतापूर्वक आत्मसात गर्न म समस्त दिदिबहिनी दाजुभाइलाई आग्रह गर्दछु,' सभापति देउवाले भनेका छन् ।

सभापति देउवाले लकडाउन र निषेधाज्ञाको समयलाई सदुपयोग गरेर सबल ढंगले कार्य गर्न सरकारलाई अपील पनि गरेका छन् । उनले पीसीआर परिक्षण ७७ जिल्लामै गर्ने गरी अविलम्ब क्षमता विस्तार गरेर समुदाय स्तरमा परीक्षण व्यापक रूपले पुऱ्याउन माग गरेका छन् । 'कोभिड अस्पतालहरू निश्चित र व्यवस्थित गर्न, पर्याप्त

***बाँकी ४ पेजमा***

# आइसोलेसनमा बिरामी भर्ना गर्दा अनुमति लिनुपर्ने सरकारको निर्णयप्रति नेविसंघको आपत्ति

**काठमाडौं ।** सरकारले कोभिड-१९ को उपचार हुने उपत्यकाका अस्पतालहरूलाई आइसोलेसन र आईसीयूमा बिरामी भर्ना गर्दा तोकिएका चार जना अधिकृतको सिफारिसमामात्रै भर्ना गर्न उर्दी जारी गरेपछि नेपाल विद्यार्थी संघले आपत्ति जनाएको छ ।

नेविसंघले आइतबार विज्ञप्ति जारी गरेर आइसोलेसन र आईसीयूमा बिरामी भर्ना गर्दा तोकिएका चार जना अधिकृतको सिफारिस चाहिने सरकारको उर्दीप्रति आपत्ति जनाएको हो ।

कोरोना महामारीको विषम् परिस्थितिमा राज्यले सबै नागरिकको स्वास्थ्य उपचारको पर्याप्त व्यवस्था गर्नुपर्ने अवस्थामा सरकारले कोभिड उपचारमा संलग्न उपत्यकाका सबै अस्पतालहरू र नेपाल एम्बुलेन्स सर्भिसलाई पत्राचार गरी कोभिड-१९ का बिरामीका लागि छुट्याइएका आइसोलेसन र आईसीयू बेडहरूमा बिरामी भर्ना गर्दा नेपाल सरकारले तोकेका चार जना अधिकृतको सिफरिसबाटमात्र भर्ना गर्नु भन्ने स्वास्थ्य तथा जनसंख्या मन्तालय, स्वास्थ्य आपतकालिन कार्यसञ्चालन केन्द्रद्वारा भदौ ५ गते गरेको पत्राचारप्रति नेविसंघको गमभीर ध्यानाकर्षण भएको छ, अध्यक्ष राजिव ढुंगानाद्वारा जारी विज्ञप्तिमा भनिएको छ ।

सरकारको पछिल्लो कदमले संविधानको धारा ३५ मा व्यवस्था गरिएको स्वास्थ्यसम्बन्धी मौलिक हकको ठाडो उल्लंघन भएको भन्दै नेविसंघले आमजनताको स्वास्थ्यमाथि गरिएको खेलवाड स्वीकार्य नहुने चेतावनी दिएको छ ।

## कोरोना भाइरस ...

- वैश्विक विनिर्माणको नयाँ केन्द्र स्थापित गर्नको लागि अत्यधिक समय र धनको आवश्यक्ता हुन्छ किनकी विश्वको अन्य देशमा चीनजस्तो अवसंरचना र सस्तो श्रमको अभाव छ ।
- पूरै विश्वमा प्रथम विश्वयुद्ध पछीको उत्पन्न भएको आर्थिक संकट जस्तै परिस्थितिहरु निर्माण हुन सक्छ ।

**नेपालको भूमिका**

- कोरोना भाइरसबाट नेपाल पनि अछुतो हुने कुरै भएन् । नेपालले आफ्नो सम्पूर्ण ध्यान भाइरसको संक्रमण रोक्न केन्द्रित गर्नुपर्छ ।
- नेपालले यो विपत्तिको स्थितिमा बद्लिदो वैश्विक राजनीतिको समूहमा सरिक नभएर आफ्नो राष्ट्रलाई तटस्थ राख्नु पर्छ । किनकी नेपाललाई कुनै समूहमा गए प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा कुनै प्रकारको लाभ हुने देखिन्दैन ।
- नेपाललाई आफ्नो छिमेकी मित्र राष्ट्रहरु भारत तथा चीन र सार्क क्षेत्रीय संगठन जस्तै ( सार्कको साथ लिएर एउटा विशेष कार्यदल गठन गरि यो विपदबाट लड्नको तयारीमा समन्वय र संचारको कमी गर्नु हुँदैन ।

**अगाडिको बाटो**

- यो संकटको घडिमा सही तवरबाट निस्किन महाशक्तिहरूले बदलिदो वैश्विक राजनीतिमा प्रमुख भूमिका निर्वह गर्छ ।
- वर्तमानमा सम्पूर्ण विश्व एउटा गम्भीर संकटबाट गुज्रिरहेको छ । यो समय एक–अर्को माथि दोषारोपण गर्नु कही कतै मानव जातीको लागि ठीक होइन । यस समयमा एकजुटता प्रदर्शित गर्दै यस अदृश्य शत्रु(कोरोना भाइरस)सँग लडभकन आवश्यक छ ।

विश्वको सम्पूर्ण देशहरूको विनिर्माण क्षेत्र वा आपूर्ति श्रृंखलाको विभिन्न केंद्रको निर्माण हुने दिशा तर्फ कार्य गर्न आवश्यक छ । *(यस आलेखमा उल्लेख गरिएका सामग्री र तथ्यांक विभिन्न राष्ट्रिय समाचार र अन्तर्राष्ट्रिय समाचारबाट संकलन गरिएको छ । यसमा भएको विचार लेखकको निजी विचार हो ।)*

***लेखक नेपाल कम्युनिष्ट पार्टी (नेकपा ) को सिरहा जिल्ला सदस्य हुन ।***


धनगढीमाई नगरपालिका

**नगर कार्यपालिकाको कार्यालय**

धनगढी, सिरहा प्रदेश नं. २ नेपाल

**धनगढीमाई नगरपालिकाद्वारा सार्वजनिक हितमा जारी**

**अत्यन्त जरुरी सूचना**

विश्वव्यापी महामारीको रुपमा फैलिएको कोरोना भाइरस (COVID-19) को संक्रमणबाट धनगढीमाई नगरपालिका पनि उच्च जोखिममा रहेको तथा भिडभाड हुने हाट बजार क्षेत्रहरु, पसल, होटलहरु र जनसम्पर्क अधिक हुने निजी, सरकारी कार्यालय, बैंक तथा वित्तीय संस्थाहरुमा कार्यरत पदाधिकारी र कर्मचारीहरुमा यसको संक्रमण देखिएको, आम नागरिकमा पनि यसको संक्रमण छिटफुट रुपमा देखिएकोले यो रोग समुदायस्तरमा फैलन सक्ने सम्भावना भएकोले नगरपालिका भित्र मिति २०७७।०४।२५ बाट शुरु भई बन्दाबन्दी लागू भएको व्यहोरा सबै नगरवासीमा अवगतै छ । यस्तो अवस्थामा यस रोगबाट सुरक्षित रहन आवश्यक उच्च सतर्कता अपनाउनको लागि पटक–पटक साबुन पानीले हात धुन, स्यानिटाईजर प्रयोग गर्न, मास्क प्रयोग गर्न र सामाजिक दूरी (२ मिटर) कायम गर्न नगरपालिका सबै नगरवासीमा अनुरोध गर्दछ । साथै घर बाहिर ननिस्कन, भिडभाड नगर्न, सामाजिक क्रियाकलापहरु भोज भतेर नगर्न नगराउन हुन समेत नगरपालिका अनुरोध गर्दछ । यसका साथै मिति २०७७।०५।०५ गतेको कोरोना आपतकालिन व्यस्थापन केन्द्र (CCMC) को वैठकको निर्णयका देहायका विषयहरु सबै नगरवासीहरुको जानकारी एवं परिपालनाको लागि सार्वजनिक गरिएको छ ।

१. PCR Test मा Positive रिपोर्ट आएका व्यक्तिहरुको घरपरिवारका सदस्य तथा नजिकका छिमेकीहरुको माध्यम र सम्पर्कमा आएका व्यक्तिहरुको तत्कालै Contact Tracing गरि नामावली संकलन गर्ने कार्य भईरहेकोले Contact Tracing Team को सम्पर्कमा आउने र सहयोग गर्ने ।

२. PCR Test को लागि स्वाब संकलन गरिएका तर नतिजा नआएका व्यक्तिहरु तत्कालबाट आ–आफ्नो निवासमा होम क्वारेन्टाईनमा रहने ।

३. PCR Test को नतिजा Positive आएका व्यक्तिहरु Home Isolation मा बस्नल चाहेमा नेपाल सरकारको स्वीकृत मापदण्ड बमोजिम होम आइसोलेशनमा बस्नक सक्ने र सोका लागि नगरपालिकामा सम्पर्क राख्ने ।

शिवराज चौलागाई
प्रमुख प्रशासकीय अधिकृत

**शिवराज चौलागाई**
प्रमुख प्रशासकीय अधिकृत



**भौतिक दुरी कायम गरी कोरोना भाइरसको संक्रमणबाट आफू पनि बचौं र अरुलाई पनि बचाऔं ।**

**–: जनहितका लागि :–**

हरेक खबर, विशेष खबर — जि.प्र.का.सि.द.नं. ११७/०७६/०७७ — राष्ट्रिय दैनिक
लहानपोस्ट LAHANPOST DAILY



**कोरोना भाईरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना**

हाल विश्वभरी फैलिरहेको कोरोना भाईरसबाट नेपाल उच्च जोखिममा रहेको विश्व स्वास्थ्य संगठनको प्रतिवेदन अनुसार कोरोना भाईरसबाट भइरहेको र हुन सक्ने सम्भावित जोखिमबाट बच्न कुनै किसिमको ठुलो सभा, जुलुश, मेला आदि नगर्न नगराउनको लागि अनुरोध छ ।

**कोरोना भाईरसबाट बच्ने उपायहरु :**

क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं ।ग) साबुन पानीले नियमित हात धोउँ । घ) कम पाकेको माछ्रा, मासु नखाउँ । ङ) दही, दुध, घ्यु, पनिर आदिको सेवन गरौं । च) कुहिएको खाने कुरा नखाउँ । छ) खानेकुरा धोई पखाली राम्रोसँग पकाएर खाउँ । ज) एक आपसमा अभिवाद गर्दा नमस्ते गर्दा हात नमिलाउँ । झ) एक आपसमा शारिरिक दुरी कायम राखौं । ञ) खोक्दा वा हाच्छु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । ट) रोग संक्रमण लागेको शंका लागेमा स्वास्थ्य तथा रोग नियन्त्रण कार्यालयको कल सेन्टरमा नं.१३३९ मा जानकारी दिनु तथा चिकित्सक सित सम्पर्क गरौं । ठ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं ।

**नवराजपुर गाउँपालिका कार्यालय सिरहा**

# स्थानीय तहको विकास प्रक्रियामा नागरिक संलग्नता

**पालिका बहस**

**शेखर रोकाया**



नागरिकहरूले आफ्नो ठाउँ, परिवेश, समाज सम्बद्ध विषयवस्तुमा आफै जागरूक हुँदै प्रत्यक्ष सहभागितात्मक रूपमा निर्णय निर्माणदेखि विकासका प्रतिफल बाँडफाँडका विषयसम्म चनाखो भई विकास निर्माणका हरेक चरणहरूमा बढी भन्दा बढी सहभागिता सुनिश्चित गराइने विषय नै नागरिक संलग्नता हो । जुन स्थान, परिवेश र अवस्थामा विकासका क्रियाकलापहरु सञ्चालन गरिने हो त्यही ठाउँका जनताहरु( स्टेकहोल्डर)लाई अलग राखेर विकासको लक्ष्य भेटाउन सकिँदैन भन्ने मान्यताको आडमा सिभिक इन्गेजमेन्टको अवधारणा आएको हो ।

विकासमा नागरिक सहभागिताको प्रारम्भिक चरणमा(पब्लिक पार्टिसिपेशन) जनसहभागिताको अवधारणा आएको भएता पनि यसले आशातीत रूपमा अपेक्षित नतिजा प्राप्त गर्न नसकेको तितो यथार्थ छ । जनताहरु आफ्नो सरोकारका विषयहरूमा पार्टिसिपेसन मात्र हुने हैन कि त्यसमा तन, मन र धन लगाई विकासका कार्यहरूलाई दिगो, टिकाउ र स्थानीय माटो सुहाउँदो बनाउन जनताहरूको आवद्धताको सुनिश्चितता सिभिक इन्जगेन्मेन्टले गर्दछ ।

देशमा नयाँ संविधान जारी भई लोकतान्त्रिक गणतान्त्रिक शासन व्यवस्था अनुरूप संघीय स्वरूपमा हाल संघ, प्रदेश र स्थानीय सरकारहरु गरी ३ तहका सरकार समेत गठन भई संघीयता कार्यान्वयनको चरणमा रहेको छ । नेपालको वर्तमान संविधानको अनुसूची ८ र ९ बमोजिम स्थानीय तहलाई प्रद्धत्त गरेका अधिकार सुचीमा स्थानीय सरकारले आफ्नो क्षेत्रभित्र सञ्चालन गर्न सक्ने विकास निर्माणका क्षेत्रहरु किटिदिएको छ । यस अन्तरगत मुख्यतया स्थानीय स्तरका विकास आयोजना तथा परियोजनाहरु, आधारभूत र माध्यमिक शिक्षा, आधारभूत स्वास्थ्य र सरसफाइ, स्थानीय सडक, ग्रामीण सडक, कृषि सडक, सिँचाई, वातावरण र जैविक विविधता संरक्षण, कृषि उत्पादन व्यवस्थापन, विपद व्यवस्थापन, जलाधार खानी तथा खनिज पदार्थको संरक्षण, खानेपानी, साना जलविद्युत आयोजना, वैकल्पिक ऊर्जा जस्ता विषयवस्तुहरु समेटिएका छन् । यसैगरी स्थानीय सरकारको कामकारबाहीमाथि निगरानी बढाउँदै सुशासन प्रवर्द्धन र पारदर्शिता कायम गर्न महत्त्वपूर्ण भूमिका निर्वाह गरिराखेको पाइन्छ । विकासमा नागरिक संलग्नताको परिप्रेक्ष्यमा कुरा गर्दा जनसहभागिताको स्वरूप, जनचेतनास्तर, राज्यको विकास नीति जस्ता तत्वहरूले प्रभाव पारेको हुन्छ । नेपालमा नागरिक सहभागिताका लागि भएका अभ्यासहरूमा उपभोक्ता समिति गठन, उपभोक्ताहरूको तर्फबाट हुने श्रमदान तथा आर्थिक सहयोग, उपभोक्ता समितिमार्फत आयोजनाको कार्यान्वयन मुख्य विषय हुन् भने आयोजनाको पहिचानदेखि छनौट चरणसम्मका प्रकृयाहरूका साथै अनुगमन तथा मूल्यांकन जस्ता विषयहरूमा सक्रिय सहभागिताजस्ता विषयवस्तु पनि महत्त्वपूर्ण छन् ।

**स्थानीय तहको विकासमा नागरिक संलग्नता किन ?**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४(५) मा स्थानीय तहले योजना तर्जुमा तथा कार्यान्वयन गर्दा स्थानीय बुद्धिजीवी, लोपोन्मुख समुदाय, महिला, बालबालिका, दलित, युवा, अल्पसत्‍्यक, अपाङ्गता भएका व्यक्तिहरु, जेष्ठ नागरिक लगायत सरोकारवालाहरूको अधिकतम सहभागिता सुनिश्चित गर्ने भन्ने उल्लेख भएबाटै स्थानीय स्तरमा सञ्चालन गरिने विकास आयोजनाहरूमा नागरिक संलग्नताको औचित्यता र आवश्यकतालाई पुष्ट्याई गर्दछ ।

स्थानीय तहको विकासको प्रमुख संयन्त्र भनेको स्थानीय सरकार नै भएता पनि सरकार एक्लैको प्रयासले मात्र विकासलाई नयाँ गति दिन नसकिने भएकाले विकासका साझेदारका रूपमा रहेका स्थानीय जनताहरूको सहभागितालाई नकार्न सकिँदैन । यसर्थ नागरिकहरु स्वयं स्वत:स्फूर्त रूपमा व्यक्तिगत तवरबाटै वा अन्य सहयात्री समूहहरु जस्तै नागरिक समाज, गैरसरकारी संस्था, सहकारी क्षेत्र, निजी क्षेत्र, सामाजिक उत्थानका लागि स्थापित समुदायमा आधारित स्वार्थसमुहहरूमा आबद्ध भई स्थानीय तवरमा सञ्चालन हुने आयोजनाहरूको पहिचान देखि छनौट तथा स्वीकृति, आयोजना कार्यान्वयन, अनुगमन मूल्याक्ंन र आयोजना सम्पन्न भएपश्चात् आयोजनाको सही ढङ्गबाट गरिने व्यवस्थापकीय क्रियाकलापमा पनि सहभागी हुँदै स्थानीय विकासको सहयात्री र पहरेदार दुवै भूमिकामा सशक्त ढङ्गबाट प्रस्तुत हुन आवश्यक छ । हालका दिनहरूमा स्थानीय तहमा देखिएको भन्ने गरिएको आर्थिक अनियमितता, भ्रष्टाचारजन्य कार्यहरु, ठेक्कापट्टा, सार्वजनिक हित भन्दा पनि व्यक्तिगत स्वार्थसिद्ध गर्ने चेष्टाबाट अभिप्रेरित मानसिकताले गर्दा कर्मचारीतन्त्रका साथसाथै जनप्रतिनिधिहरु पनि आ आफ्नो स्वार्थ प्रेरित कार्यहरुबाट परिचालित भएको महसुस हुन थालेको छ ।

स्थानीय तहको नेतृत्व सम्हाल्ने वर्गले स्थानीय निर्वाचनमा चुनाव जित्न ठुलो धनराशि खर्च गरेको भन्ने कुरा सुन्नमा नआएको पनि होइन । चुनावताका भएको खर्चलाई सन्तुलन गर्न जनप्रतिनिधिहरूले स्थानीय तहको श्रोत साधनमाथि गिद्धे नजर नलगाउलान् भन्न सकिन्न । विकास निर्माणका कार्यहरूमा गुणस्तरीयता कायम हुन नसकेको, आयोजनाहरूको प्रभावकारी अनुगमन नहुँदा फिल्डमा काम नभई कागजमा मात्र आयोजना सीमित भएको घटनाहरु सम्बन्धमा समय समयमा समाचारहरु प्रकाशित भएको देखिन्छ । यस्ता क्रियाकलापहरूमा स्थानीय तहका जनप्रतिनिधिहरूको पनि चासो, दबाब र स्वार्थ रहेको हुन सक्दछ ।

स्थानीय स्तरमा गठन हुने उपभोक्ता समितिहरु पनि आफ्नो काम, कर्तव्य र अधिकारबाट विमुख भई अनियमिततामा मुछिने गरेका, एउटै मान्छे एक भन्दा बढी समितिमा रहने गरेको, समिति गठन कार्य पनि सर्वसम्मत रूपमा हुन नसकी असन्तुष्ट पक्षहरूबाट विरोध आइरहने हुँदा वर्तमान परिवेशमा स्थानीय तहको विकास कार्यहरूमा नागरिक संलग्नताको आवश्यकता र महत्त्व झनै बढेको छ । स्थानीय स्तरमा उपभोक्ताहरूको लागत सहभागिता जस्तै श्रमदान इत्यादिका आधारमा सञ्चालन हुने आयोजनाहरूको गुणस्तरीयता वृद्धि गर्दै नागरिकका आवश्यकताहरु सम्बोधन गरी विकास व्यवस्थापनमा सुशासन कायम गर्न नागरिक संलग्नताको अहम भूमिका रहन्छ ।

आफ्नो गाउँघरमा भइरहेको विकासका कार्यहरूमा सक्रिय सहभागिताका माध्यमबाट त्यहाँ सञ्चालन हुने हरेक कृयाकलापहरूको निगरानी गर्ने, अनियमितताको गन्ध पाउनेवित्तिकै त्यसका विरूद्धमा आवाज उठाउँदै विकासलाई टिकाउ र त्यी कार्यहरूमा अपनत्व कायम गराउन स्थानीय तहमा नागरिक संलग्नता आवश्यक देखिन्छ । जब एउटा नागरिक जो आफ्नो गाउँठाउँमा भइरहेका गतिविधिहरूमाथि निगरानी गर्छ, त्यस विषयमा चासो राखी सहभागिता जनाउँछ तब मात्र त्यो व्यक्तिमा त्यी गतिविधिहरूप्रति अपनत्व र प्रतिनिधित्वको भाव उत्पन्न भई त्यी कार्यहरु आफ्नै समाजको विकासका लागि हुन् भन्ने भाव जागृत हुन्छ र थप कसरी राम्रो बनाउन सकिन्छ भनी नयाँ ढङ्गबाट सोच्न थाल्दछ । फलस्वरूप विकास निर्माणका कार्यहरूमा हुने अनियमितता, ढिलासुस्ती जस्ता कार्यहरूबाट मुक्ति प्राप्ति गर्दै जनताको चाहनाअनुरूप भरपर्दो र टिकाउ विकासको बाटोमा अगाडि बढ्न सघाउ पुग्दछ ।

**आगामी बाटो**

स्थानीयस्तरको विकासमा नागरिक संलग्नताको बारेमा अध्ययन गर्दा जनताहरूको प्रतिनिधित्व र अपनत्वको सिद्धान्तअनुसार आगामी दिनहरूमा जनताहरूले निष्कृय सहभागिता भन्दा पनि योगदानमूलक तथा कार्यमूलक सहभागितामा जोड दिइनु आवश्यक छ । जब जनताहरु आफ्नो सरोकारको विषयमा प्रत्यक्ष योगदानमूलक संलग्नताका आधारमा अगाडि बढ्दछन् तब मात्र उक्त कार्यको वैधानिकता पनि पुष्टि हुने र उक्त कार्यप्रति अपनत्वबोध हुने हुँदा विकास कार्यमा नागरिक संलग्नताको भूमिका आगामी दिनमा बढाउँदै लैजानुको विकल्प छैन । आफ्नो समाजमा आफ्ना आवश्यकता र सरोकारका विषयहरु जस्तै सडक, कुलो, नहर, धारा, पाटी पौवा, कृषि सडक, धार्मिक स्थल, लघु जलविद्युत इत्यादिको निर्माणमा स्थानीय जनताहरूको जत्तिको चासो र चिन्ता पक्कै पनि अरु सरोकारवालाहरूको हुन नसक्ने हुँदा त्यहाँका जनताहरूले आफ्नो क्षेत्रमा सञ्चालन गरिने हरेक विकास निर्माणका गतिविधिहरूमा प्रत्यक्ष सहभागिता राखी समुदायको विकासप्रति जिम्मेवारी बोध गर्दै आगामी दिनहरूमा नागरिक संलग्नता बढाइँदै लैजानुपर्छ ।

जनताहरु स्वयं जागरूक भई अर्थपूर्ण संलग्नता सहित वाच डगको भूमिकामा सहभागी हुने वातावरण सृजना गर्न उनीहरूलाई नागरिक चेतना, अभिमुखीकरण, सशक्तीकरणका माध्यमबाट विकासका कार्यहरूमा संलग्नतालाई बढवा दिइनुपर्छ । साथै विकाससम्वद्ध लक्षित वर्गहरु पहिचान गरी सोही वर्गको प्रमुख सहभागिता रहने गरी उपभोक्ता समिति गठन गर्ने, स्थानीय स्तरमा सार्वजनिक सुनुवाइ, सार्वजनिक लेखा परीक्षण, सामाजिक परीक्षण जस्ता कार्यहरु अनिवार्य रूपमा सञ्चालन गरिनुपर्दछ । आर्थिक अनियमितता तथा गुणस्तरहिन कार्य गर्ने उपभोक्ता समिति, कर्मचारीहरु तथा अन्य राजनैतिक वर्गको समेत संलग्नता रहे भएमा कानुनी कारबाहीको दायरामा ल्याउने संयन्त्रको समेत विकास गरिनु आवश्यक देखिन्छ ।

अत: समाजमा हुने हरेक विकास निर्माण सम्बन्धी कार्यहरूमा सके सक्दो सहयोग गरी राम्रो बनाउन प्रयास गरौँ नसके न्यूनतम गुणस्तर नखस्कने गरी कार्य गर्न सधैँ दबाब सृजना गरौँ भन्ने भावनाबाट प्रेरित भई नागरिकहरूले हाम्रो गाउँसमाजको लागि अर्को ठाउँको मान्छे आएर विकास गरिदिने हैन, हामी आफैले गर्नुपर्छ भन्ने मान्यताबाट परिचालित हुँदै स्थानीय स्तरमा सञ्चालन गरिने विकासकार्यको हिस्सेदार बन्न आवश्यक छ जुन कुरा सिभिक इन्गेजमेन्टबाट सम्भव छ । *(प्रशासन अनलाईनबाट)*

## रमणीय ..

वातावरण मिलाउन सडक बाटो राम्रो बनाउनुपर्ने लहान नगरपालिका–१४ का दिपेश शर्माले बताए । यस बाहेक जिल्लाको अरू स्थानीय तहमा ताल, दह छन् ती सबैलाई विकास र प्रवर्द्धन गर्नुपर्ने उनको सुझाब छ ।

## प्रदेश २ मा ..

पाँच जना, बारामा १३ जना पुरूष, पर्सामा ३१ जना महिलासमेत एक सय ३८ जना, सर्लाहीमा १० जना महिलासमेत ७९ जना, रौतहटमा तीन जना महिलासमेत १७ जना र सप्तरीमा एक जना महिलासमेत १२ जना संक्रमित भएका छन् । आइतबारसम्म प्रदेश २ मा कुल संक्रमितको संख्या ८ हजार ८ सय ३२ जना पुगेको छ । ती मध्ये आइतबार ५३ जनासमेत अहिलेसम्म चार हजार दुई सय ३७ जना कोरोनामुक्त भएको सामाजिक विकास मन्त्रालयले जनाएको छ ।

## स्वास्थ्यकर्मीहरुको ..

आइसोलेसन वार्ड व्यवस्था गर्न, अत्यावश्यक भेन्टिलेटर जोहो गर्न माग गर्दछु,' सभापति देउवाले भनेका छन्, 'खरिद प्रक्रियालाई पारदर्शी बनाएर कार्य गर्न र मापदण्डयुक्त सामग्री मात्रै खरिद गर्न सरकारलाई आग्रह गर्दछु ।'


## कोरोना भाईरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना

**हाल विश्वभरी फैलिरहेको कोरोना भाईरसबाट नेपाल उच्च जोखिममा रहेको विश्व स्वास्थ्य संगठनको प्रतिवेदन अनुसार कोरोना भाईरसबाट भइरहेको र हुन सक्ने सम्भावित जोखिमबाट बच्न कुनै किसिमको ठुलो सभा, जुलुश, मेला आदि नगर्न नगराउनको लागि अनुरोध छ ।**

**कोरोना भाईरसबाट बच्ने उपायहरु :**

**क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं । ग) साबुन पानीले नियमित हात धोउँ । घ) कम पाकेको माछा, मासु नखाउँ । ङ) दही, दुध, घ्यु, पनिर आदिको सेवन गरौं । च) कुहिएको खाने कुरा नखाउँ । छ) खानेकुरा धोई पखाली राम्रोसँग पकाएर खाउँ । ज) एक आपसमा अभिवाद गर्दा नमस्ते गर्दा हात नमिलाउँ । झ) एक आपसमा शारिरिक दुरी कायम राखौं । ञ) खोक्दा वा हाच्छ्यु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । ट) रोग संक्रमण लागेको शंका लागेमा स्वास्थ्य तथा रोग नियन्त्रण कार्यालयको कल सेन्टरमा नं.१३३९ मा जानकारी दिनु तथा चिकित्सक सित सम्पर्क गरौ । ठ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं ।**

**सखुवानन्कारकट्टि गाउँपालिका कार्यालय, सिरहा**


लहानपोस्ट् दैनिकका लागि प्रकाशक : भरत जर्घामगर, सम्पादक : शम्भु कुमार यादव, कानुनी सल्लाहकार : सन्तोष सुवेदी कम्प्यूटर ले-आउट : महेन्द्र चौधरी
कार्यालय :लहान नगरपालिका–१०, सिरहा फोन नं. ०३३५६१९६७, ९८५२८२४९६७, ९८५२८३९३१५ website : www.lahanpost.com , e-mail : lahanpost@gmail.com मुद्रक : न्यू यदुवंशी अफसेट प्रेस, लहान,(सिरहा)